# कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावनाः** प्रदेश नं. ५ भित्र कृषि ज्ञान केन्द्र मार्फत सञ्चालन हुने कृषि विकास कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न प्रदेश नं. ५, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" तयार गरी लागू गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०७६ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि प्रदेश नं. ५ भर लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

*(क)* "अनुदान" भन्नाले यस कार्यविधि अनुरुप सञ्चालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपलब्ध गराईने रकमलाई सम्झनु पर्छ।

*(ख)* "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कृषक/फर्म/कम्पनी/समूह/ सहकारी संस्थालाई सम्झनु पर्छ।

*(ग)* "कम्पनी" भन्नाले व्यवसाय गर्न चाहने व्यक्ति वा समूहले प्रचलित कम्पनी कानून अनुरुप दर्ता भएका संस्थालाई सम्झनु पर्छ।

*(घ)* "कार्यक्रम" भन्नाले यस कार्यविधिको दफा ५ मा उल्लेख भएका क्रियाकलाप/कार्यक्रमलाई सम्झनु पर्छ।

*(ङ)* "कार्यदल" भन्नाले दफा १२ को उपदफा (३) को खण्ड (ग) बमोजिमको कार्यदललाई सम्झनु पर्छ।

*(च)* "कार्यालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्छ।

*(छ)* "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम् १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलेर सामूहिक प्रयत्नद्वारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ ।

(ज) "निर्देशनालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(झ) "फर्म" भन्नाले प्रचिलत कानून अनुसार दर्ता भएको निजी क्षेत्रका व्यवसायी/उद्यमीको संस्थालाई सम्झनु पर्छ।

(ञ) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ट) "सहकारी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि सम्बन्धी कार्य गर्ने संस्थालाई सम्झनु पर्छ।

(ठ) "समिति" भन्नाले यस कार्यविधिको दफा १२ अनुसार गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ड) "स्थानीय तह" भन्नाले प्रदेश नं. ५ भित्रका गाउँपालिका वा नगरपालिकालाई सम्झनु पर्छ।

३. <u>उद्देश्य:</u> यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने,

(ख) प्रविधि हस्तान्तरण मार्फत कृषि व्यवसायलाई व्यवसायीकरण गरी आत्मनिर्भर, आधुनिक र प्रतिस्पर्धी बनाउने,

(ग) कृषि उपजको सरल र सुलभ बजार पहुँच बृद्धि गर्दै आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्दै कृषकहरुको आयस्तरमा सुधार गर्ने,

(घ) कार्यक्रमहरु व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्ने।

४. <u>सरोकारवाला निकायहरु:</u> यस कार्यक्रम सञ्चालन गर्न विभिन्न सरोकारवालाहरुको देहाय बमोजिमको भूमिका हुनेछ :-

(क) कृषक/फर्म/कम्पनी/समूह/सहकारी संस्था मार्फत एकल वा संयुक्त रुपमा कार्यालयबाट कृषि विकास कार्यक्रम सञ्चालन हुनेछ।

(ख) कार्यालयले प्रविधि विस्तार तथा सेवा टेवा र कार्यक्रम सञ्चालन गर्नेछ।

(ग) निर्देशनालयले कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने विषयगत कार्यक्रम अनुसार कार्यालयहरुको समन्वयमा प्रस्तावहरुको र मुल्याङ्कनका सूचक/आधारहरुको ढाँचा तयार गरी सम्वन्धित

कार्यालयलाई निर्देशन गर्ने र कार्यक्रम कार्यान्वयनमा आईपरेका समस्या समाधान गर्न र अनुगमन गरी पृष्ठपोषण गर्न सहयोग गर्नेछ ।

(घ) मन्त्रालयले कार्यक्रम तर्जुमा, नीतिगत सहजीकरण, अनुगमन मूल्याङ्कन तथा समन्वय गरी कार्यक्रम कार्यन्वयनमा सहयोग गर्नेछ ।

(ङ) स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारले कार्यक्रम गर्दा दोहोरोपन नहुने गरी आपसी सहयोगको लागि समन्वय र सहकार्य गर्नु पर्नेछ।

(च) अनुदानग्राही र कार्यालयको आवश्यकताको आधारमा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न कृषि सम्बन्धी कार्य गर्ने गैर सरकारी संस्थाले समन्वय र सहकार्य गर्नु पर्नेछ।

# परिच्छेद -२

## सञ्चालित कार्यक्रमहरु

५. **कृषि विकास कार्यक्रमहरुको विवरण:** कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट परिधिभित्र रही देहायबमोजिमका कार्यक्रमहरु हुनेछन्:

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | समग्र कृषि विकास कार्यक्रम सञ्चालन | अनुसूची-२ मा उल्लेखित कार्यक्रमसँग सम्बन्धित कागजातहरु। | स्वीकृत कार्ययोजनाका कृयाकलापहरु | सामग्री तथा अन्य सेवा खरिद गर्दा स्वीकृत प्रचलित कानून बमोजिमको दररेट अनुसार गर्नु पर्ने। | |
| **क** | **उत्पादन सामग्री सहयोग कार्यक्रम** | | | | |
| १ | नवीनतम प्रविधिमा आधारित साना सिंचाई कार्यक्रम | • प्रचलित कानुन बमोजिम सूचना प्रकाशन भन्दा अगाडि दर्ता भएका कृषक समुह/कृषि तथा बहुउद्देश्यीय सहकारी संस्था वा निजी फर्म,<br>• सिंचाई कार्यक्रमबाट कम्तिमा २ हेक्टर क्षेत्रमा क्षेत्र विस्तार हुनु पर्ने। | सोलार सिंचाई/थोपा सिंचाई/स्पिंकलर सिंचाई/शुन्य शक्ति सिंचाई प्रणाली/ वर्षा पानी संकलनमा सिंचाई प्रणाली/ प्लाष्टिक पोखरी लगायत बहुपयोगी सिंचाई प्रणाली आदि। | सिंचाई आयोजना निर्माणको लागि खर्च हुने कुल रकममा ७५ प्रतिशत वा अधिकतम २५०००० ।– मध्ये जुन कम हुन आउछ सो रकम अनुदान दिन सकिनेछ। | |
| २ | बीउ उत्पादन कृषि सहकारी/समुहलाई मूल बीउमा ५० प्रतिशतमा अनुदान सहयोग | • बीउ उत्पादक समुह वा कृषि सहकारी संस्था हुनु पर्ने,<br>• बीउ उत्पादनको लागि बाली लगाउदा न्यूनतम ३ हेक्टर क्षेत्रफल र प्राविधिक दृष्टीकोणले बालीलाई उपयुक्त क्षेत्र तथा बाली अनुसार पृथकता दूरी कायम हुन सक्ने भौगोलिक अवस्था हुनु पर्ने,<br>• उत्पादित बीउ खायनमा प्रयोगमा ल्याउन नपाईने। | • बीउ उत्पादनमा प्रयोग हुने मूल बीउ खरिद/ढुवानीमा सहयोग | बीउ उत्पादनको लागि ल्याईने मूल बीउमा परल मुल्यमा ५० प्रतिशत अनुदान र ढुवानीमा १०० प्रतिशत अनुदान प्रदान गर्न सकिनेछ। | |

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| ३ | हाईब्रिड मकै बीउ उत्पादन सहयोग कार्यक्रम | • सूचना प्रकाशन मिति भन्दा पहिला दर्ता भएका कृषि सहकारी/निजी उद्यमीहरु मात्र आबेदन पेश गर्न योग्य मानिने,<br>• नेपालमा विकास भई सिफारिस भएका हाइब्रिड जातको आधिकारिक निकायबाट उत्पादन अनुमति र सोका लागि आवश्यक आनुवंशिक श्रोत समेत प्राप्त गरेको हुनु पर्ने,<br>• कम्तीमा एक लट स्वदेशी हाइब्रिड मकै बीउ उत्पादन र बजारीकरण गरेको अनुभव हुनु पर्ने,<br>• कृषि सहकारी/निजी उद्यमीहरुले कम्तीमा एक लट उत्पादन तथा बजारीकरण गर्न सफलता प्राप्त गरेको जातमा उत्पादनको दोश्रो लटदेखि मात्र अनुदान सहयोग उपलब्ध हुने,<br>• हाइब्रिड मकै बीउ उत्पादन कार्य न्यूनतम १ हे. वा सो भन्दा बढी जमिनमा लगाईएको हुनु पर्ने। | • उत्पादन सामग्री (प्यारेन्टलाईन, मलखाद्य र सुक्ष्म तत्व आदि,<br>• कृषि यन्त्र औजार र उपकरण,<br>• सिंचाई सामग्री खरिद,<br>• क्षमता विकास क्रियाकलापहरु तालिम भ्रमण गोष्ठी आदि। | कुल अनुदान रकम प्रति हेक्टर अधिकतम रु २ लाखसम्म हुने र प्रति हेक्टर न्यूनतम ४ टन हाईब्रिड मकै बीउ उत्पादन भएको हनुपर्ने । | |
| **ख.** | **प्रोत्साहन अनुदान कार्यक्रम** | | | | |
| १. | कागति क्षेत्र विस्तार प्रोत्साहन अनुदान (तराई) | • कागतिको जात, रेखाङ्कन, खाडलको तयारी, मलखाद, बगैंचा व्यवस्थापन आदि प्राविधिक मापदण्ड अनुसार हुनुपर्ने,<br>• जग्गा भाडामा लिएको भए कम्तिमा १५ वर्षको करार सम्झौता हुनुपर्ने,<br>• बाँझो रहेको खेतियोग्य जग्गालाई प्राथमिकता दिइने, | • सिंचाइका लागि पम्पसेट, मोटर, पाइप, थोपा सिंचाइ प्रणालीसँग सम्बन्धित सामग्री आदी खरिद,<br>• सिकेचर, आरी, विडर, स्प्रेयर लगायतको औजार/उपकरण खरिद,<br>• विरूवा रोप्न रेखाङ्कन र खाडलको तयारी (मलखाद समेत) । | क्षेत्र विस्तारको उल्लेखित क्रियाकलापहरु गर्नको लागि ५० प्रतिशत वा प्रति हेक्टर रु. १ लाखमा नबढने गरी अनुदान | |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | | • उच्च घनत्व बिरूवा रोपणलाई प्राथमिकता दिइने,<br>• जग्गाको क्षेत्रफल कम्तिमा ३ हेक्टरको क्लष्टरमा बढीमा ३ वटा बगैंचा हुनुपर्ने। | • बिरूवा खरिद र ढुवानी,<br>• जैविक बन्देज वा bio-fencing को कार्य (नीलकाँडा, बाँस, जिङ्गट, असुरो आदि)। | उपलब्ध गराउने। | |
| २ | केरा क्षेत्र विस्तार प्रोत्साहन अनुदान | • केराको जात, रेखाङ्कन, खाडलको तयारी, मलखाद, बगैंचा व्यवस्थापन आदि प्राविधिक मापदण्ड अनुसार हुनुपर्ने,<br>• जग्गा भाडामा लिएको भए कम्तिमा १० वर्षको करार सम्झौता हुनुपर्ने,<br>• बाँझो रहेको खेतियोग्य जग्गालाइ प्राथमिकता दिइने,<br>• जग्गाको क्षेत्रफलः-<br><u>तराईको हकमा</u><br>• कम्तिमा २ हेक्टरको क्लष्टरमा बढीमा ४ वटा बगैंचा हुनुपर्ने,<br><u>पहाडको हकमा</u><br>• कम्तिमा १ हेक्टरको क्लष्टरमा बढीमा ४ वटा बगैंचा हुनुपर्ने। | • सिंचाइका लागि पम्पसेट, मोटर, पाइप, थोपा सिंचाइ प्रणालीसँग सम्बन्धित सामग्री खरिद,<br>• विडर, स्प्रेयर लगायतका औजार/उपकरण खरिद,<br>• बिरूवा रोप्न रेखाङ्कन र खाडलको तयारी (मलखाद समेत),<br>• बिरूवा खरिद तथा ढुवानी,<br>• जैविक बन्देज Bio-fencing को कार्य (नीलकाँडा, बाँस, जिङ्गट, असुरो आदि),<br>• अन्तरबाली खेति गरिएको अवस्थामा अन्तरबालीको मल, बेर्ना, बिषादी तथा बाली संरक्षणका सामग्री, | क्षेत्र विस्तारको उल्लेखित क्रियाकलापहरु गर्नको लागि ५० प्रतिशत वा प्रति हेक्टर रु. १ लाखमा नबढ्ने गरी। | । |
| ३ | पुष्प खेती क्षेत्र विस्तार प्रोत्साहन अनुदान | • खेति गरिने पुष्पको प्रजाति र जात बजारको माग वमोजिम हुने,<br>• जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार सम्झौता हुनुपर्ने,<br>• बाँझो रहेको खेतियोग्य जग्गालाइ प्राथमिकता दिइने, | • प्लाष्टिक घर निर्माण,<br>• पम्पसेट, मोटर, पाइप, पोखरी, थोपा सिंचाइ प्रणाली लगायत सिंचाइ पूर्वाधार निर्माण,<br>• पावर टिलर/मिनि टिलर लगायत औजार/उपकरण खरिद, | क्षेत्र विस्तारको उल्लेखित क्रियाकलापहरु गर्नको लागि ५० प्रतिशत वा प्रति १ हेक्टर रु. २ लाखमा नबढ्ने गरी। | |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | | • जग्गाको क्षेत्रफल<br>तराइको हकमा<br>• कम्तिमा १ हेक्टरको क्लष्टरमा बढीमा ६ वटा बगैंचा हुनुपर्ने,<br>पहाडको हकमा<br>• कम्तिमा १५ रोपनीको क्लष्टरमा बढीमा ७ वटा बगैंचा हुनुपर्ने। | • स्प्रेयर, कैंचि, प्लाष्टिक क्रेट लगायत खरिद,<br>• पुष्प नर्सरी स्थापना गर्ने।<br>• बीउ/वेर्ना, प्लाष्टिक छापो, मलखाद, आदि खरिद। | | |
| **ग.** | **मुल्य श्रृखंलामा आधारित व्यवसायिक कृषि विकास कार्यक्रम** | | | | |
| १ | मागमा आधारित व्यवसायिक कृषि विकास कार्यक्रम | • कार्यक्रम सञ्चालनको लागि अन्य कार्यक्रमहरुबाट सम्बोधन हुन नसकेको बालीवस्तुलाई प्राथमिकता दिई सञ्चालन गरिनु पर्ने (च्याउ, अलैंची, अदुवा, बेसार, उखु आदि),<br>• सूचना अवधि भित्र कृषि व्यवसाय सञ्चालनका लागि माग गरिएको आवेदन पत्र हुनपर्ने,<br>• बालीको उत्पादनको हकमा प्रति प्रस्ताव १ हेक्टरको क्षेत्रफल र च्याउ खेतीको लागि न्यूनतम ८०० गोलामा च्याउ उत्पादन गर्नुपर्ने। | कार्यक्रमले सम्बोधन गर्ने क्षेत्रहरु कृषि बस्तु उत्पादन, सिंचाई, प्रशोधन तथा बजारीकरण। | प्रति स्वीकृत प्रस्ताव ५० प्रतिशत वा १००००० मध्ये जुन कम हुन्छ सो रकम अनुदान उपलब्ध गराउने। | |
| २ | बगर खेती प्रवर्द्धन कार्यक्रम | • यो कार्यक्रम खाली रहेको नदी र खोला/नालाको तटीय क्षेत्रमा सञ्चालन गरिने,<br>• कृषक उद्यमीले व्यक्तिगत तथा समूहमा मिलेर कम्तिमा १ हेक्टर क्षेत्रफलमा व्यवसायिक रूपमा खेति गर्नुपर्ने,<br>• लहरा बालीको लागि थाक्रा दिने व्यवस्था अनिवार्य रुपमा हुनुपर्ने। | • सिंचाइका लागि पम्पसेट, मोटर, पाइप लगायतको सामग्री खरिद,<br>• बीउ बीजन, शुक्ष्म खाद्यतत्व, हार्मोन लगायतका विषादी खरिद,<br>• डिजिटल तराजु, प्लाष्टिक क्रेट, कैंचि, स्प्रेयर लगायतका सम्बन्धित सामग्री खरिद। | कार्यक्रमको लागि कूल लागतमा ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम १ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने। | |

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| ३ | स्थानीय तथा उन्नत जातका आलु प्रवर्द्धन कार्यक्रम | • प्रस्तावकर्ताले कम्तिमा १ हेक्टर क्षेत्रफलमा व्यवसायिक रूपमा खायन/बीउ आलुको खेति गर्नु पर्ने,<br>• बीउ आलु र स्थानीय खायन आलुको व्यवसायिक उत्पादनलाई विषेश प्राथमिकता दिइने। | • पम्पसेट,मोटर,पाइप,पोखरी, आदि सिंचाइ पूर्वाधार ।<br>• आलु रोप्ने/गोड्ने/खन्ने/ग्रेडिङ्ग गर्ने मेसिन खरिद,<br>• डिजिटल तराजु,प्लाष्टिक क्रेट खरिद,<br>• स्थानीय जातको उत्पादित आलु भण्डारणको लागि भण्डारण भाडा,<br>• पूर्व मूल बीउ/स्थानीय बीउ आलु खरिद,<br>• स्थानीय जातका आलु दर्ताका लागि पाठशाला सञ्चालन,<br>• ग्रेडिङ, ब्राण्डिङ, प्याकेजीङ्ग, लेवलिङमा सहयोग। | कार्यक्रमको लागि कुल लागतमा ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम १ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईनेछ। | |
| ४ | रैथाने बालीहरुको प्रवर्धन तथा बजारीकरण | • बजार योग्य परिमाणमा उत्पादन हुने क्षेत्रमा ब्लक बनाई कार्यक्रम सञ्चालन गर्ने,<br>• असिंचित क्षेत्र र कम उर्वर जमिनलाई प्राथमिता दिईने। | • बीउमा अनुदान<br>• बजारीकरण सामग्री उपकरण (डिजिटल तराजु, बोरा खरिद तथा छपाई, बोरा सिउने मेसिन आदि) रैथाने बालीको प्रशोधनमा सहगोग पुऱ्याउने साधारण कुटानी पिसानी मेसिन आदी। | कार्यक्रमको लागि कुल लागतमा ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम १ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईनेछ। | |
| | | | • सहभागीतात्मक जातीय छनौट तथा प्रदर्शन गरी passport data का आधारमा पञ्जीकरण,<br>• जनचेतनामूलक कार्यक्रम सञ्चालन,<br>• ब्रान्डिङ्ग तथा लेबलिङ्गमा | कार्यालय वा स्थानीय तहका कृषि प्राविधिकले सञ्चालन गर्ने १०० प्रतिशत। | |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | | | सहजिकरण। | | |
| ५ | रेशम प्रबर्द्धन कार्यक्रम | • बाँझो जमिनमा खेती गर्नेलाई प्राथमिकता दिइने,<br>• रेशम धागो प्रशोधन गर्ने गरी अनुदान प्राप्त गरेमा कोया उत्पादन गर्ने स्थानीय कृषकको कोया खरिद गरी दिने शर्तनामा गराउनु पर्ने। | • किम्बु क्षेत्र विस्तारका लागि विरुवा/बीउ वितरण,<br>• रेशम बीज वितरण,<br>• सिंचाई सुविधा विस्तार,<br>• चौकि कीरा तथा ठूला किरापालन घर निर्माण,<br>• कोकुन ड्रायर,<br>• धागो कात्ने चर्खा,<br>• रेशम खेती तालिम (रेशम खेती विकास केन्द्रको समन्वयमा तालीम सञ्चालन गर्ने)। | • किरापालन घर तथा अन्य पूर्वाधार विकासमा ७५ प्रतिशत अनुदान,<br>• बीउ/विरुवा तथा मेशीनरी औजारमा ५० प्रतिशत अनुदान,<br>• भूमिहीन कृषकले जग्गा लिजमा लिई खेती गरेमा लिजको रकम अनुदान,<br>• सबै क्रियाकलाप सञ्चालनको लागि प्रति प्रस्ताव अधिकतम रु १० लाखसम्म अनुदान उपलब्ध गराउने। | |
| ६ | मौरी विकास कार्यक्रम | • मौरी सम्बन्धी प्रस्तावित क्रियाकलापमा अनुभव वा तालिम लिएका व्यवसायीलाई प्राथमिकता दिइने,<br>• मौरी सहितको कम्तीमा ५० घार मौरी पालन गरेको वा विस्तार गर्न सक्ने हुनुपर्ने। | • आधार चाका, प्याकेजीङ्ग, लेबलिङ्ग र प्रशोधन उपकरण (मह, कुट र मैन) तथा अन्य आवश्यक उपकरण खरिद,<br>• उन्नत रानु खरिद, रानु उत्पादन, रोयल जेली उत्पादन, मौरी विष उत्पादन, प्रोपोलिस, मैन उत्पादन तथा उपकरण। | एउटा अनुदानग्राहीलाई बढीमा १ लाख वा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ। | |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| ७ | दलहन तथा तेलहन बालि विकास कार्यक्रम | • तराईको हकमा खायन बाली उत्पादन गर्न कम्तीमा ३ हेक्टर र बीजबृद्धिका लागि कम्तीमा १ हेक्टर क्षेत्रफलमा खेति गरेको हुनुपर्ने,<br>• पहाडको हकमा खायन बाली उत्पादन गर्न कम्तीमा १.५ हेक्टर र बीज बृद्धिका लागि कम्तीमा ०.५ हेक्टर क्षेत्रफलमा खेति गरेको हुनुपर्ने। | • खायन बाली उत्पादन तथा प्रशोधन, बीज बृद्धि तथा बीउ प्रशोधन, उन्नत जात विस्तार,<br>• उर्वराशक्ति व्यवस्थापन, सीप/जनचेतना विकास, बीज बृद्धि सहयोग आदी | कार्यक्रमको लागि कुल लागतमा ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम १ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने। | |
| ८ | सघन बाली विकास कार्यक्रम | • जिल्लामा रहेका विभिन्न सिंचाई प्रणालीका प्रभाव क्षेत्र मध्येबाट सघन बाली उत्पादन कार्यक्रम सञ्चालनका लागि उपयुक्त क्षेत्र छनौट गर्नसक्नेछ। यस्ता क्षेत्रहरु छनौट गर्दा व्यवसायिक कृषि उत्पादन हुने गरेको क्षेत्रलाई प्राथमिकता दिईने।<br>• सिंचित क्षेत्रहरुमा चैते तथा मसिना/बासनादार धान र बाली सघनता वृद्धिका लागि विभिन्न बाली क्लष्टर छनौट गरी खेती गर्ने।<br>• मसिना धान तथा बीज वृद्धिको लागि कम्तिमा २० हेक्टर र बीज वृद्धिका लागि कम्तिका ५ हेक्टर क्लष्टरको क्षेत्रफलमा खेति गरेको हुनुपर्ने।<br>• बाली सघनता वृद्धिका लागि एक आवेदकले कम्तिमा १५ हेक्टरमा एक सिजनमा कम्तिमा ३ ओटा बाली क्लष्टरमा खेती गर्नुपर्नेछ, एक बालीको एक कलस्टर मात्र हुने र क्षेत्रफल कम्तिमा ५ हेक्टर हुनुपर्नेछ । | • मसिना धान उत्पादन तथा बीज वृद्धि,<br>• बाली सघनता वृद्धि,<br>• नयाँ बाली तथा उन्नत जात विस्तार,<br>• उर्वराशक्ति व्यवस्थापन,<br>• बाली संरक्षण सहयोग,<br>• सीप/जनचेतना विकास,<br>• बजार सम्बन्धी विकास,<br>• कृषि यन्त्रीकरण,<br>• बीज वृद्धि सहयोग,<br>• बजार नवप्रवर्द्धन। | कार्यक्रमको लागि कुल लागतमा ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम १ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने। | |

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | | • बीज वृद्धि मकै बालीको न्यूनतम ३ हेक्टर, गहुँको न्यूनतम ६ हेक्टर र अन्य बालीका हकमा न्यूनतम १ हेक्टर बीज वृद्धि गरिएको हुनुपर्ने,<br>• बीज वृद्धि र खायन बाली उत्पादनका लागि आवेदन दिन सक्ने र यसका लागि तोकिएको न्यूनतम क्षेत्रफल पुरा भएको हुनु पर्ने,<br>• प्रस्ताव मूल्याङ्कनको लागि उत्पादकत्व तथा बालि सघनता वृद्धिलाई आधार लिईनेछ। | | | |
| **घ** | **अन्य कार्यक्रमहरुः** | | | | |
| १ | फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम | • फलफूल नर्सरीहरू सुदृढीकरण गरी उत्पादन क्षमता र गुणस्तरीयता अभिवृद्धि गर्न,<br>• वार्षिक रुपमा कम्तिमा २०,००० गुणस्तरीय फलफूलका विरूवा उत्पादन गर्नुपर्ने,<br>• उल्लेखित विरुवा उत्पादनको लागि माउबोट लगाउने क्षेत्र कम्तीमा १ हेक्टरको हुनुपर्ने। | • पम्पसेट, मोटर, पाइप, पोखरी, सिंचाइ पूर्वाधार, लगायतका कार्यमा,<br>• सेड/ग्रीन/नेट हाउस लगायत औजार/उपकरण(फुट स्प्रेयर, प्रुनर, बडिङ्ग नाइफ आदि) खरिद/निर्माण,<br>• फलफूल नर्सरी व्यवस्थापनका लागि तालिम,<br>• माऊ बोटको लागि बेर्ना खरिद आदी । | कूल लागतमा ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम ३ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईनेछ। | |
| २ | लिची बगैंचा सुदृढीकरण | • लिची बगैंचाको सुदृढीकरणको लागि एउटा क्लष्टरमा १ हेक्टर हुने गरी ६ वटा प्लटमा प्रति प्लट कम्तिमा १५ बोट लिची रोपेको कृषकलाई कार्यक्रममा सहभागी गराउने। | • मलखाद व्यवस्थापन,<br>• सिंचाई व्यवस्थापन,<br>• रोग कीरा व्यवस्थापन,<br>• काँटछाँट,<br>• तालीम तथा कार्यशाला। | -प्राङ्गारिक मल, रोग नाशक एवं किटनाशक विषादी, शुक्ष्मतत्व एवं हर्मोन तथा आरी, सीकेचर/प्रुनिङ्ग-सः आदीमा | |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | ५० प्रतिशत वा प्रतिहेक्टर अधिकतम रु. १ लाखमा जुन कम हुन आउछ सो रकम अनुदान दिने। | |
| ३ | मौरी चरन क्षेत्र विस्तार कार्यक्रम | • सामुदायिक/कबुलियती/ऐलानी/व्यक्तिगत वन, निजी जग्गा, सार्वजनिक जग्गा, गुठी, धार्मिक स्थलहरुमा कार्यक्रम सञ्चालन हुने। | • चिउरी, कल्की लगायत अन्य मौरी चरनमैत्री विरुवा तथा सिजनल बीउ दिन सकिने,<br>• विरुवाको मूल्य र ढुवानी, खाडल खन्ने खर्च, मल र रोपणमा सहयोग गर्ने। | प्रति विरुवा रु. १०० वा परेको मूल्यको ५० % जुन कम हुन्छ सो बराबरको रकम स्थलगत निरीक्षण पश्चात दिइने र मौसमी बालीको हकमा बीउ मुल्यमा ५०% रकम दिन सकिने। | |
| ४ | पहाडी उखु प्रशोधन सहयोग कार्यक्रम | • सहभागी कृषकले कम्तिमा १ हेक्टर उखु लगाएको हुनु पर्ने,<br>• सहयोग पाएका कृषकले साना कृषकको उखु सहुलियत दरमा प्रशोधन गरी दिनु पर्ने । | • साना उखु पेल्ने मेशीन,<br>• शील गर्ने मेशीन,<br>• प्याकेजीङ्ग सामग्री,<br>• उखु प्रशोधन तालीम। | • औजार उपकरणमा ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम १ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने। | |
| ५ | आकस्मिक बाली संरक्षण कार्यक्रम | • बालीनालीमा अनेपेक्षित रुपमा रोग किराको आक्रमण भई सम्बन्धित कार्यालयले छोटो अवधिमा ठूलो क्षति हुने सम्भावना स्थानीय तहको प्राविधिकको समन्वयमा निक्यौंल गरी प्रकोप ठहर गरेमा आकस्मिक बाली संरक्षण कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• बालीनालीमा रोग कीराको प्रकोपले क्षति गरेको | • आकस्मिक बाली संरक्षण कार्यक्रममा आवश्यक पर्ने विषादी, स्प्रेयर, डस्टर लगायतका सामग्रीको यकिन गरेर खरिद गरी प्रकोप नियन्त्रण गर्न स्थानीय तह/कृषक/कृषक समुह/कृषि सहकारी समेत परिचालन गर्न | प्रति पटक रोग कीराको प्रकोप हेरी बढीमा १५ हजारका दरले खर्च गर्न सकिने।<br>क्षतिको प्रकार हेरी बढी खर्च हुने अवस्थामा कृषि विकास | |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | | निवेदन र रोग कीराले क्षति गरेको अनुगमनबाट प्रमाणित प्रतिवेदन हुनपर्ने,<br>• निर्देशनालयसँगको समन्वयमा कार्यक्रम सञ्चालन हुनुपर्ने। | सकिने। | निर्देशनालय/मन्त्रालयको स्वीकृती लिनुपर्ने। | |

## परिच्छेद -३

## कार्यक्रम सञ्चालन प्रक्रिया

६. **प्रस्ताव मागः** कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार अनुसूची-१ को ढाँचामा १५ दिनको सूचना प्रकाशन गरी उद्यमी कृषक/निजी फर्म/समूह/सहकारी/कम्पनीहरुसँग प्रस्ताव माग गर्नेछ।

७. **प्रस्ताव पेशः** सूचनामा तोकिए बमोजिमको कागजात सहित दफा ५ मा उल्लेखित कार्यक्रमहरुमा मापदण्ड पुगेका ईच्छुक प्रस्तावकले अनुसूची-२ को निवेदनको ढाँचा सहित तोकिए बमोजिमको कार्यालयहरुमा प्रस्ताव पेश गर्नु पर्नेछ।

८. **प्रारम्भिक छनौट तथा सिफारिसः** दफा ७ बमोजिम प्राप्त प्रस्तावहरु उपर दफा १२ को उप-दफा (३) को खण्ड (क) बमोजिम तोकिएको कर्मचारीले प्रस्तावमा माग गरिएको कागजातहरुको रुजु गरी दफा १२ बमोजिमको समिति समक्ष सिफारिस गर्नेछ।

९. **स्थलगत प्रमाणीकरण सिफारिसः** (१) समितिले दफा १२ को उपदफा (३) को खण्ड (ख) बमोजिमको गठित कार्यदललाई प्रारम्भिक छनौटबाट स्वीकृत भएका प्रस्तावहरुको स्थलगत प्रमाणीकरण गर्नको लागि खटाउनेछ।

(२) कार्यदलले स्थलगत प्रमाणीकरण र मूल्याङ्कन सूचक आधारमा प्राथमिकताक्रम तयार गरी दफा १२ बमोजिमको समिति समक्ष सिफारिस गर्नु पर्नेछ।

१०. **सम्झौता प्रक्रियाः** (१) छनौट भएका अनुदानग्राही र कार्यालय बीच स्वीकृत कार्ययोजना बमोजिम सम्झौता गरिनेछ।

(२) सम्झौता पश्चात कार्यालयले कार्यादेश दिनेछ ।

(३) कार्यक्रम सम्झौतामा तोकिएका क्रियाकलापहरु तोकिएको समय अवधि भित्र सम्पन्न गर्नु पर्नेछ।

## परिच्छेद-४

## समिति सम्बन्धी व्यवस्था

११. **निर्देशक समितिः** (१) कार्यक्रम सञ्चालनको लागि आवश्यक नीति तथा निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | मन्त्री | भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्रालय | अध्यक्ष |
| (ख) | सचिव | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख | खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) निर्देशन समितिको काम, कर्तब्य र अधिकारः यस कार्यक्रम संचालनका लागि नीतिगत व्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशन दिने हुनेछ।

१२. **<u>कार्यक्रम व्यवस्थापन समितिः</u>** (१) कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | प्रमुख, कृषि ज्ञान केन्द्र | संयोजक |
| (ख) | अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्लाको जिल्ला समन्वय समिति | सदस्य |
| (ग) | संयोजक, खरिद ईकाई, कृषि ज्ञान केन्द्र | सदस्य |
| (घ) | प्रमुख वा प्रतिनिधि, प्रदेश/कोष तथा लेखा नियन्त्रण कार्यालय | सदस्य |
| (ङ) | कार्यक्रम सञ्चालन गर्ने विषयगत शाखाको अधिकृत, कृषि ज्ञान केन्द्र | सदस्य सचिव |

(२) समितिको बैठकमा आवश्यकता अनुसार बढीमा तीन जना विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्राप्त प्रस्तावहरु प्रारम्भिक छनौटको लागि आवश्यकता अनुसार कृषि प्राविधिकलाई जिम्मेवारी तोक्ने,

(ख) प्रारम्भिक छनौटबाट स्वीकृत भएका प्रस्तावहरुलाई स्थलगत प्रमाणीकरण कार्यको लागि बिषयगत शाखाको अधिकृतको संयोजकत्वमा आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहको एक जना कृषि प्राविधिक सदस्य रहने गरी जम्मा ३ सदस्यीय कार्यदल गठन गरी कार्य जिम्मेवारी दिने,

(ग) कार्यदलले स्थलगत प्रमाणीकरणबाट प्राथमिकताक्रम तोकि सिफारिस गरेका प्रास्तावहरुलाई मुल्याङ्कन गरी अनुदान कार्यक्रमको लागि प्रस्ताव छनौट गर्ने,

(घ) कार्यदलले सिफारिस गरेका प्रस्तावहरुको विवरणमा थपघट गर्नुपरेमा सुझाव सहित पुनः प्राथमिकताक्रमका लागि कार्यदलमा फिर्ता पठाउन वा आवश्यक भएमा शर्त सहित वा निःशर्त स्वीकृत गर्ने,

(ङ) छनौटमा परी स्वीकृत भएका प्रस्तावहरुलाई सबैको जानकारीको लागि ७ दिनको उजुरी म्याद सहितको सूचना प्रकाशन गर्ने र त्यस प्रश्चात छनौट भएका प्रस्तावकसँग सम्झौता गर्न कार्यालयलाई सिफारिस गर्ने,

(च) कार्यक्रमको अनुगमन गर्ने र प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालालाई राय सुझाव दिने र

(छ) प्रस्ताव र मूल्याङ्कनका सूचक/आधारहरुको ढाँचामा संशोधन गर्नुपरेमा मन्त्रालय/निर्देशानलयले सिफारिस गर्न सक्ने।

## परिच्छेद -५

## रकम भुक्तानी प्रक्रिया

**१३. भुक्तानी प्रक्रियाः** (१) कार्यक्रम सञ्चालनको लागि पेश्कि रकम उपलब्ध गराईने छैन। कार्य प्रगति/कार्यसम्पन्नताको आधारमा कार्यालयबाट रकम भूक्तानी हुनेछ।

(२) पचास प्रतिशत काम सम्पन्न भए पछि पचास प्रतिशतसम्म र सम्पूर्ण काम सम्पन्न पश्चात भुक्तानी हुनेछ।

(३) रकम भुक्तानी गर्दा एकाउन्ट पेयी चेक मार्फत भुक्तानी गरिनेछ।

(४) कार्यक्रम सम्पन्न भएको आधारमा कार्यालयले देहाय बमोजिमको प्रक्रिया पूरा गरे पछि मात्र रकम भुक्तानी गर्नेछः-

(क) सम्झौता र कार्ययोजना अनुसारको कार्यक्रम सम्पन्न भए पश्चात खर्च भएको बील भरपाईको सक्कलै कागजात सहित समयावधि भित्र पेश गर्नुपर्नेछ।

(ख) सम्पन्न गरिएको क्रियाकलापको फोटो समाबेश गर्नु पर्नेछ।

(ग) सम्बन्धित अनुदानग्राहीले सञ्चालन गरेका व्यवसायको उत्पादन बजारीकरण तथा आम्दानी सहितको प्रगति प्रतिबेदन पेश गर्नु पर्नेछ।

(घ) सम्बन्धित स्थानीय तहको कार्यक्रम सम्पन्नताको सिफारिस पत्र समाबेश गर्नु पर्नेछ।

(ङ) कार्यालयबाट खटाईएको टोलीको अनुगमन प्रतिबेदन संलग्न हुनुपर्नेछ।

(च) सार्वजनिक सुनुवाइ गरेको माईन्यूटको प्रतिलिपि संलग्न हुनुपर्नेछ।

(छ) कूल लागत पाँच लाख भन्दा बढीको कार्यक्रमको सम्बन्धित स्थलमा कार्यक्रमको विवरण स्पष्ट देखिने गरी होर्डिङ्गबोर्ड/सूचनापाटी राखेको हुनु पर्नेछ।

(५) कार्यक्रमको रकम भूक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आयकर र पुँजिगत निर्माण कार्यको हकमा नियमानुसार कन्टिन्जेन्सी रकम कट्टा गरिनेछ। उक्त रकम प्रचलित कानून अनुसार खर्च गर्न सकिनेछ।

## परिच्छेद-६
## कार्यक्रम सुपरिवेक्षण, अनुगमन, प्रतिवेदन र समन्वय व्यवस्था

१४. **सुपरिवेक्षण तथा अनुगमनः** आवश्यकता अनुसार मन्त्रालय, निर्देशनालय, कार्यालय, सम्बन्धित स्थानीय तह र समितिबाट कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन गरी राय सुझाव र सरसल्लाह दिनेछ।

१५. **प्रतिवेदनः** सञ्चालित कार्यक्रमको प्रगति विवरण मासिक, चौमासिक र वार्षिक रुपमा सम्बन्धित कार्यालयले कृषि विकास निर्देशनालय समक्ष पेश गर्नु पर्नेछ।

## परिच्छेद -७
## विविध

१६. **कारवाहीको व्यवस्था** : सम्झौता अनुसार कार्य नगरेमा तथा अनुदान प्राप्त सामग्री वा रकमको दुरुपयोग गर्ने अनुदानग्राहीसँग प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१७. **बाधा अड्चन, निरुपण र संसोधन** : (१) यस कार्यविधि कार्यान्वयनमा बाधा, अड्चन वा विवाद भएमा सो को निरुपण मन्त्रालयले गर्नेछ।

(२) यो कार्यविधिको आवश्यक संशोधन गर्नु परेमा मन्त्रालयले गर्न सक्नेछ।

## अनुसूची-१
(दफा ६ सँग सम्बन्धित)

## <u>सूचनाको ढाँचा</u>

**प्रथम पटक सूचना प्रकाशन मिति........**

कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ अनुसार कृषि ज्ञान केन्द्र, .................. आ.व. ........... को ........................................................... कार्यक्रम अन्तर्गत ............................ मा सहभागी हुन ईच्छुक .................................. जिल्लाका उद्यमी/कृषक/समुह/समिति/सहकारी/निजी फर्म/कम्पनीहरुले अधिकतम अनुदान रकम सीमा ........................ ननाघ्ने गरी यो सूचना प्रकाशन भएको मितिले ........ दिन भित्र तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी ............................... कार्यालयमा प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड यस कार्यालयको सूचनापाटी/वेभसाईट ......................... बाट प्राप्त गर्न सकिनेछ।

<u>प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजहरु:</u>

१. प्रस्तावकको सक्कल निवेदन
२. समुह/सहकारी/निजी कृषि फर्म/कम्पनीहरुले नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि
३. स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि
४. गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
७. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा
१०. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको लागि कम्तिमा ....... वर्षको करार गरिएको सम्झौता-पत्रको प्रतिलिपि

## अनुसूची-२

(दफा ७ सँग सम्बन्धित)

<u>निवेदनको ढाँचा</u>

श्री प्रमुख ज्यू,                                                                 मिति ..................

कृषि ज्ञान केन्द्र, ................................, प्रदेश नं. ५ नेपाल

विषयः ....................................... कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत विषयमा तँहा कार्यालयबाट मिति...................................... मा प्रकाशित गरिएको सूचना अनुसार ........................................................... कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्ने निम्न बमोजिका कागजातहरू यसै पत्रसाथ संलग्न गरी यो प्रस्ताव पेश गरेका छौं/छु।

**<u>संलग्न कागजातहरुः</u>**

१. प्रस्तावकको निवेदन
२. समुह/सहकारी/निजी कृषि फर्म/कम्पनीहरुले नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि
३. स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि
४. गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
५. कार्यक्रम सञ्चालनको लागि प्रस्ताव
६. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि
७. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
८. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा
९. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको लागि कम्तिमा ....... वर्षको करार गरिएको सम्झौता-पत्रको प्रतिलिपि
१०. अनुदानग्राहीले सोही प्रकृतिको कार्यक्रममा विगत दुई वर्ष भित्र अनुदान रकम दुई लाख वा सो भन्दा बढी नपाएको स्वघोषणा पत्र पेश गर्नुपर्ने।

<u>निवेदक</u>

दस्तखत :

नाम :

ठेगाना :

सम्पर्क नं.:

संस्थाको छाप

# अनुसूची–३

## कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाँचा

कार्यक्रमको नामः जिल्लाः गा.पा./न.पा./उ.न.पा.:

वडा नं.: टोलः गाउँः

फर्मको नामः सञ्चालकको नामः मो.नं/ टे.नं.:

१. व्यवसायको परिचयः

२. उद्देश्यहरु :

३. कृषि व्यवसायमा अनुभवः

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरु :

६. तालिम सम्बन्धी विवरण :

७. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः

| क्र.सं. | सञ्चालन गरिने क्रियाकलाप | अनुदान रु | निजी लगानी रु. | अन्य निकायबाट हुने अनुदान रु. | जम्मा लगानी रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| जम्मा | | | | | |

८. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता (प्रभाव पार्ने वा नपार्ने)

९. उत्पादित वस्तुको बजार योजनाः

१०. थप आधारहरुः

उपलब्ध जग्गाको क्षेत्रफल .......................

कार्यक्रमको स्पष्टता ................................

अपेक्षित वार्षिक प्रतिफल

कार्ययोजना पेश गर्नेः

फर्म/कृषकको नाम :

ठेगानाः जिल्ला ........ गाउँपालिका/नगरपालिका/ उप महानगरपालिका ... /वार्ड न. .... टोल ...

फर्म सञ्चालन गरिने स्थानः

फर्म/कृषकको तर्फबाट सही गर्नेको

नामः

दस्तखतः

पदः

मिति

## अनुसूची-४

### प्रस्ताव मूल्याङ्कनका आधारहरु

१. जिल्लाः

२. आवेदक संस्थाको नामः

३. कार्यक्रम सञ्चालन स्थलको ठेगानाः

४. प्रस्तावित कार्यक्रमको नामः

५. मूल्याङ्कनका आधारहरुः

| क्र.सं. | विवरण | भार | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | **कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था** | १० | | |
| १.१ | सडक सुविधा भएको | २ | | |
| १.२ | बिजुली सुविधा भएको | २ | | |
| १.३ | सिंचाइ सुविधा भएको | २ | | |
| १.४ | जग्गाको स्वामित्व | ४ | | |
| १.४.१ | निजी फर्म /संस्थाको नाममा भएको | ४ | | |
| १.४.२ | निजी जग्गा भाडामा लिएको | २ | | |
| १.४.३ | सार्वजनिक जग्गा भाडामा लिएको | ३ | | |
| २ | **व्यवसाय सम्वन्धी अनुभव** | ५ | | |
| २.१ | ३ वर्ष भन्दा कम | ३ | | |
| २.२ | ३-५ वर्ष सम्म | ४ | | |
| २.३ | ५ वर्ष भन्दा माथि | ५ | | |
| ३ | **प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम (प्रस्तावित कामदारको मात्र)** | ५ | | |
| ३.१ | ३ दिन अवधी सम्मको तालिम | २ | | |
| ३.२ | ३ देखी ७ दिने अवधि सम्मको तालिम | ३ | | |
| ३.३ | ७ देखि १५ दिने अवधि सम्मको तालिम | ४ | | |
| ३.४ | १५देखि माथि अवधि सम्मको तालिम | ५ | | |
| ४ | **वित्तीय क्षमता** | १० | | |
| ४.१ | कूल लगानीको ७० प्रतिशत भन्दा माथि लगानीको प्रतिबद्धता-पत्र (बैङ्क स्टेटमेन्ट वा बैङ्कको ऋण | १० | | |

| | | | | |
|---|---|---|---|---|
| | स्वीकृति/प्रतिवद्धता-पत्र) | | | |
| ४.२ | कूल लगानीको ५५-७० प्रतिशत सम्म लगानीको प्रतिबद्धता-पत्र (बैङ्क स्टेटमेन्ट वा बैङ्कको ऋण स्वीकृति/प्रतिवद्धता-पत्र) | ८ | | |
| ४.३ | कूल लगानीको ५०-५५ प्रतिशत सम्म लगानीको प्रतिबद्धता-पत्र (बैङ्क स्टेटमेन्ट वा बैङ्कको ऋण स्वीकृति/प्रतिवद्धता-पत्र) | ६ | | |
| **५** | **रोजगारीको अवस्था (प्रस्तावित)** | **५** | | |
| ५.१ | कम्तीमा ३ जना सम्म | ३ | | |
| ५.२ | ३ जना भन्दा माथि | ५ | | |
| **६** | **वातावरणीय/सामाजिक उपयुक्तता (प्रस्तावित)** | **१०** | | |
| ६.१ | प्रस्तावित कार्यक्रमको वातावरणीय/सामाजिक प्रभाव आङ्कलन गरिएको | ५ | | |
| ६.२ | वातावरणीय प्रभाव न्यूनिकरणका उपायहरु सामेल गरिएको | ३ | | |
| **७** | **उत्पादित वस्तुको बजार योजना** | **१५** | | |
| ७.१ | आफ्नै पहलमा उत्पादित वस्तुहरुको बजारीकरण सुनिश्चितता (आफ्नै आउटलेट भएको) | १५ | | |
| ७.२ | समूह/सहकारी/संस्थागत तरिकाले उत्पादित वस्तुको बजारीकरण | १२ | | |
| ७.३ | बजारीकरणको योजना स्पष्ट नभएको | १० | | |
| **८** | **व्यावसायिक कार्य योजनाको स्पष्टता (कार्य योजना, जलवायु अनुकुलन, लगानी प्रतिफल र दिगोपना)** | **३०** | | |
| ८.१ | उत्तम | ३० | | |
| ८.२ | राम्रो | २० | | |
| ८.३ | ठिकै | १५ | | |
| **९.** | **खेतबारीको व्यवस्थापन** | **५** | | |
| ९.१ | राम्रो | ५ | | |
| ९.२ | ठिकै | ३ | | |
| **१०** | **शैक्षिक योग्यता** | **३** | | |
| १०.१ | SEE सम्म | २ | | |
| १०.२ | SEE भन्दा माथि | ३ | | |
| **११** | **बैदेशिक रोजगारीको अनुभव (कम्तिमा १ वर्ष)** | **२** | | |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | १०० | | |

६. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरुः

**क)**

**ख)**

७. स्थलगत अनुगमन टोलीको रायः

| क.सं. | पद | राय दिनेको नाम, थर | राय | | | कारण | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | हुन्छ | हुदैन | सुधार सहित हुन्छ | | |
| १ | | | | | | | |
| २ | | | | | | | |

# अनुसूची-६
## सम्झौता-पत्र

आर्थिक वर्ष .../... ... मा सञ्चालन हुने ....................... कार्यक्रमको लागी तथा कृषि ज्ञान केन्द्र ... ... ... (यस पछी प्रथम पक्ष भनिने) र छनौट भएका कृषक/समूह/समिति/सहकारी ... ... ... ... ... (यस पछी दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ ।

**शर्तनामाहरुः**

१. प्रथम पक्षले लागत साझेदारमा ............ कार्यक्रमको लागि कूल लागतरु. ... ... ... मध्ये अनुदान वापत रु. ... ... ... ... ... दोस्रो पक्षलाई रु. ... ... ... ... ... (अक्षरुपी रुपैयाँ ... ... ... ... ... ... ... .. ...) अनुदान/सामग्री सहयोग प्रदान गर्नेछ।

२. दोश्रोपक्षले बाँकी रकमको व्यवस्था गरी—.. जिल्ला,.........गाँउपालीका/नगरपालिका वडा नं —., मा ...... साल..... महिना भित्र सम्पन्न गर्नेछ ।

३. दोश्रोपक्षले प्रथमपक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुतविकको डिजाईन र ईस्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी सम्पन्न गर्नेछ ।

४. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन,अन्तिम बिल र कार्य सम्पन्न प्रतिबेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

५. दोश्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथमपक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोश्रो पक्षको बैंक खातामा एकमुष्ठ भुक्तानी दिनेछ ।

६. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/ निरिक्षण गरी सम्झौता मुताबिक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

७. दोश्रोपक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ्ग बोर्ड सबैले देख्ने गरी राख्नेछ ।

८. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

९. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगती, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु प्रथमपक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

१०. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयहरुको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१२. द्विपक्षिय सम्झौता मुताबिकको काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा पथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भङ्ग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षवाट सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडी बढाउन सक्नेछ।

१३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताबिकको डिजाइन, ईस्टिमेट र दरभाउ मेशिनरी, उपकरण र अन्य सामानहरु खरिद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्मन्न गर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

१४. प्रथम पक्ष र दोश्रो पक्ष बीच सम्झौताको लागत अनुमानमा देहायको खर्चका श्रोतहरु रहनेछन।

i. प्रथम पक्षले व्यहोर्ने लागत रु. ...............
ii. दोश्रो पक्षले व्यहोर्ने लागत रु. ..............
iii. अन्य श्रोतबाट प्राप्त लागत रु. ..............
iv. कन्टेन्जेन्सी रकम रु. .................(यो रकम विशेषज्ञको परामर्श सेवा, मर्मत संभार र निर्माणकार्यको सुपरभिजन प्राविधिक सेवा हेरालु कार्यमा मात्र खर्च गर्न सकिनेछ)
v. प्रस्तावनाको कुल लागत रु. ..............

| **प्रथम पक्षको तर्फबाट** | **दोश्रो पक्षको तर्फबाट** |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छाप | संस्थाको छापः |

**रोहवर**

| | |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छाप | संस्थाको छापः |

इतिसम्वत् ...... ... ...... साल ...... ... महिना ...... गतेरोज ...... शुभम्।

नोटः द्विपक्षीय सम्झौतामा आवश्यकता मुताविकको अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिनेछ।